# PRESS STATEMENT

UNITED NATIONS HUMAN RIGHTS
OFFICE OF THE HIGH COMMISSIONER

## सङ्क्रमणकालीन न्याय संयन्त्र स्थापना गर्ने दुईवटा मस्यौदा विधेयकहरूको अध्ययन गर्न १५ जिल्लाका द्वन्द्वपीडितहरूको नेपालगन्जमा भेला

२०६७ चैत २३

*नेपालगन्ज* – हाल व्यवस्थापिका÷संसद्मा विचाराधीन सङ्क्रमणकालीन न्यायसम्बन्धी दुईवटा मस्यौदा विधेयकहरूको अध्ययन गर्न सुदूर तथा मध्य पश्चिमका १५ जिल्लाका पीडितहरू यही चैत २१ र २२ गते नेपालगन्जमा भेला भए। संविधानसभाका तीन सदस्यहरू, एनेकपा (माओवादी)का एकराज भण्डारी, नेपाली काङ्ग्रेसका मोहम्मद सिद्दिकी तथा नेकपा (एमाले)का शङ्कर पोखे्रल, पीडितहरूका धारणा बुझ्न त्यहाँ उपस्थित थिए र उनीहरूले संसद्मा ती कानुनसम्बन्धी हुने भावी छलफलमा यी कुरालाई समावेश गर्ने बताए। सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पार्ने कार्यसम्बन्धी जाँचबुझ आयोगका मस्यौदा विधेयकहरूलाई अन्तिम रूप दिने क्रममा तिनका धारणाहरूमाथि उचितरूपमा विचार पुर्‍याइयोस् र पीडितका आवाजको सुनुवाइ होस् भनेर अवसर प्रदान गर्न अप्रिल तथा मई महिनामा नेपालभरी आयोजना गरिने तीनवटा कार्यशालामध्ये यो कार्यक्रम पहिलो हो (विराटनगर र काठमाडौंमा पछि आयोजना गरिने)।

सत्य निरूपण तथा मेलमिलाप आयोगको विधेयकका सम्बन्धमा पीडितका सरोकारहरू आयोगको स्वतन्त्रता तथा निष्पक्षतामाथि केन्द्रित थिए भने आयोगको संरचना समावेशी हुनुपर्ने र त्यसले नेपालको जातीय तथा धार्मिक विविधता झल्काउनुपर्ने कुरामाथि जोड दिइएको थियो। त्यसबाहेक, द्वन्द्वको समयमा गरिएका सर्वाधिक गम्भीर अपराधहरूमा फौजदारी जवाफदेहीतालाई कमजोर पार्नसक्ने कानुनी प्रावधानहरूप्रति आफ्नो विरोध रहेको कुरामा जोड दिँदै पीडितहरूले कारबाही गर्ने क्रममा अभियोजनका लागि प्रमाण र सिफारिस सीधै महान्यायाधिवक्तालाई उपलब्ध गराउनुपर्ने जिम्मा आयोगलाई नै दिने व्यवस्था कानुनमा गरियोस् भनी अनुरोध गरेका छन्। सर्वाधिक पीडाबाट गुज्रेका तथा सर्वाधिक जोखिममा परेका मानिसहरूलाई सहायता गर्नेतर्फ परिपूरण सुनिश्चित गर्ने जस्तै पीडित तथा साक्षी संरक्षण कोषको स्थापना पनि पीडितहरूका लागि निकै सरोकारको विषय हो।

बेपत्ता पार्ने कार्यसम्बन्धी जाँचबुझ आयोगको मस्यौदाका सम्बन्धमा, पीडितहरूले बेपत्तासम्बन्धी मुद्दा दर्ता गर्न हदम्यादको अवधि बढाउन एक मतले आह्वान गर्नुका साथै अहिलेको मस्यौदा कानुनमा भएको ६ महिने हदम्यादको समय छोटो भएको कुरामा सबैले सहमति जनाए। बेपत्ता पार्ने कार्यसम्बन्धी आयोगको संकेन्द्रण त्यस्तो कार्यसँग सम्बन्धित अपराधका लागि कमान जिम्मेवारी लिएका सबै व्यक्तिहरूलाई समावेश गर्नेगरी तथा परिपूरणमा सहयोग गर्नेलगायतका कार्यमार्फत् पीडकहरूलाई उपयुक्त सजाय दिलाउनेगरी विस्तार गरिनुपर्छ भन्ने कुरामा पनि सो अवसरमा जोड दिइयो। महत्त्वपूर्ण कुरा के भने रोल्पामा हालै भएको शव उत्खननको आलोकमा कुनै पनि शव उत्खनन गर्नुअघि बाँचेका परिवारजनहरूसँग परामर्श गर्नुपर्ने र त्यस प्रक्रियाको साक्षी बन्न तिनलाई निमन्त्रणा गर्नुपर्ने कुरामा जोड दिइयो।

उक्त कार्यक्रमको आयोजना नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय (उच्चायुक्तको कार्यालय-नेपाल)द्वारा गरिएको थियो। मध्य तथा पश्चिमाञ्चल क्षेत्रका ५० भन्दा बढी पीडितहरू, बाँकेका जिल्ला न्यायाधीश, राष्ट्रिय मानवअधिकार आयोग, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, मानवअधिकार सङ्गठनहरू तथा अन्तर्राष्ट्रिय आप्रवासी सङ्गठनका प्रतिनिधिहरूले सो कार्यक्रममा भाग लिएका थिए।

Office of the High Commissioner
for Human Rights

Tel.: + 977 1 4280164
Fax: + 977 1 467 0712
Website: http://nepal.ohchr.org

For further information, contact
Chun Gurung
Ext. : 320
Email: cgurung@ohchr.org
Mobile: 98510 16937